# राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग

## National Natural Resources and Fiscal Commission

प. सः ०७५/७६

च. नं. / Ref: ८३

मितिः २०७५/५/१७

विषयः <u>ढुङ्गा, गिट्टी, बालुवाजस्ता नदीजन्य वस्तुहरुको उत्खनन, विक्री, वितरण र व्यवस्थापन बारे।</u>

श्री स्थानीय तह

सबै।

यस आयोगमा मिति २०७५/५/१० गते अर्थ मन्त्रालय र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका प्रतिनिधिहरू समेतको उपस्थितिमा सम्पन्न बैठकबाट ढुङ्गा, गिट्टी, बालुवाजस्ता नदीजन्य वस्तुहरुको उत्खनन्, बिक्री वितरण र व्यवस्थापन सम्बन्धमा देहाय बमोजिम निर्णय भएको व्यहोरा अनुरोध छ।

२०७५/५/१७

उप-सचिव

<u>निर्णयः</u>

"ढुङ्गा, गिट्टी, बालुवाजस्ता नदीजन्य एवं साधारण निर्माणमुखी खनिज पदार्थको सम्बन्धमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६४ मा रहेको व्यवस्था आर्थिक ऐन, २०७५ बमोजिम खारेज भएको सन्दर्भमा त्यस्ता वस्तुको उत्पादन, बिक्रि वितरण तथा व्यवस्थापनका विषयमा विभिन्न स्थानीय तहबाट स्पष्टता माग भएकोले प्राकृतिक स्रोत व्यवस्थापन सम्बन्धी संघीय कानुनको व्यवस्था नभएसम्मका लागि नेपालको संविधानको अनुसूची बमोजिमका अधिकारका सूची, नेपाल सरकार (मन्त्रिपरिषद्) बाट स्वीकृत कार्यविस्तृतीकरण प्रतिवेदन, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २(घ) को खण्ड (६) मा रहेको व्यवस्था, खानी तथा खनिज पदार्थ नियमावली, २०५६ मा भएको व्यवस्था अनुरूप प्रदेश सरकारबाट जारी भएको कानून तथा प्रचलित संघीय कानूनको प्रतिकूल नहुने गरी सम्बन्धित स्थानीय तह (गाउँपालिका/नगरपालिका) बाटै ढुङ्गा, गिट्टी बालुवाजस्ता वस्तुहरुको उत्खनन्, विक्री वितरण र व्यवस्थापन गर्ने व्यवस्थाका लागि सबै स्थानीय तहलाई जानकारी गराउँने।"

सिंहदरवार, काठमाडौं, नेपाल, फोन नं. + ९७७-१-४२००५९२, फ्याक्स: + ९७७-१-४२००५९३
Singh Durbar, Kathmandu, Nepal, Tel: +977-1-4200592, Fax: +977-1-4200593
E-mail: info@nnrfc.gov.np, Website: www.nnrfc.gov.np